# यात्रा संस्मरण-क्यान्बेरा

- *कपिल लोहनी* *

गत डिसेम्बर २०१९ को मेरो अष्ट्रेलियाको करिव २० दिनको भ्रमणको धेरैजसो अवधि मेल्वोर्नमा बित्यो । मेल्वोर्नलाई नै हब बनाएर म त्यहाँबाट एडिलेड, ब्रिस्वेन, गोल्डकोस्ट, सिड्नी र क्यानबेराको भ्रमणमा गएको थिएँ । यसपालीको विदेश भ्रमणको मुख्य उद्देश्य भने मैले लेखेको पुस्तक "विचार र अनुभूति" को अष्ट्रेलिया र न्युजिल्याण्डमा लोकार्पण गर्नु थियो । यहि सिलसिलामा मेल्बोर्न र सिड्नीमा नेपालीहरुको माझ दुई रोचक कार्यक्रमहरु सञ्चालन भए भने क्यानवेरामा हामीले अष्ट्रेलियाका लागि नेपालका राजदुत महोदयलाई भेटेर पुस्तक प्रदान गरेका थियौं ।

मेरो भ्रमण योजना मुताविक मेल्वोर्नबाट बिदा भएर म डिसेम्बर २८ तारिखको बिहानको उडानबाट सिड्नी पुगेको थिएँ भने त्यसको ठिक भोलिपल्ट एका-बिहानै क्यानबेराको दिनभरीको भ्रमणमा निस्केको थिएँ । अष्ट्रेलियामा बुश फायर (जंगल र झाडीहरुमा लाग्ने डढेलो) ले गर्दा सिड्नीको आकाशमा पनि एक प्रकारको कुहिरो जस्तो र हावामा डढेलोको गन्ध जस्तो वास आइरहेको थियो । वास्तवमा यो भिषण वुश फायर सिड्नीको सेरोफेरोसम्म नै आइसकेको थियो ।

हरेक वर्ष गर्मीको मौषममा लाग्ने यस्तो डढेलोले सन् २०१९ मा अझ विकराल रुप लिने कुरा २०१९ को जुन महिना तिर नै क्वीन्स्ल्याण्डको अग्नि तथा आपतकालीन सेवाको कार्यालयले बताएको रहेछ । वातावरणमा सुख्खापना, डढेलोको प्रकृति र माटोमा आद्रताको कमी जस्ता संकेतहरुबाट यस्तो कुराको पुर्व जानकारी हुने रहेछ । नभन्दै अक्सर अगष्ट तिर शुरु हुने डढेलो जुन महिनामा नै विस्तारै सल्कँदै गएको थियो । म डिसेम्बरमा अष्ट्रेलियामा छँदा त यो वुश फायरले देशभर निकै उग्र रुप लिइसकेको थियो । सन् २०१९ को सेप्टेम्बरबाट भिषण रुप लिन थालेर २०२० मार्चतिर गएर निभेको यो वुश फायरले करिव एक करोड ८६ लाख हेक्टर वन र ५,९०० घरलाई खरानी बनाएको र ३४ जना मानिसको ज्यान समेत लिएको कुरा तथ्यांकले देखाएको छ । अष्ट्रेलियाका वन र घना झाडीमा पाइने लगभग ३ अरव विभिन्न खालका जिवजन्तुहरु आगोको चपेटामा परेर मर्नुका साथै कैयन् खतराको सूचीमा राखिएका प्राणी र वोटविरुवाहरु सँधैको निम्ति लोप भएका थिए । त्यस्तै त्यहाँको वायुमा प्रदुषण पनि आजसम्मकै निकै बढी देखिएको थियो र मानिसहरु सिड्नी जस्ता शहरहरुमा मास्क लगाएर हिंड्न थालेका थिए । जनवरी २०२० सम्ममा त अष्ट्रेलियाको वुश फायरको धुवाँ र प्रदुषण दक्षिणी प्रशान्त महासागर र दक्षिण अमेरिकाको चिली र अर्जेन्टिनासम्म पनि पुगेको थियो । जनवरीको दोश्रो हप्ता तिर म न्युजिल्याण्डको अकल्याण्डमा छँदा एक दुई दिन त त्यहाँको आकाश पुरै पहेँलो भएर धुलोका कणहरु समेत वातावरणमा निकै भेटिएका थिए भने केही दिनसम्म धुलो र धुवाँको कुहिरो समेत लागेको थियो । अन्तरिक्षबाट स्याटलाइटले त्यतिबेला खिँचेका तस्वीरहरुमा पनि वुश फायरको कारण निस्केको धुवाँ र कुहिरो रेकर्ड भएको छ । नासाका वैज्ञानिकहरुको आंकडा अनुसार यो वुश फायरले वातावरणमा करिव ३५ करोड टन कार्वन डाईअक्साइड उत्सर्जन गरेको थियो । वुश फायर कै चरम उत्कर्षका कारण गत डिसेम्बरमा न्यु साउथ वेल्स, भिक्टोरिया र अष्ट्रेलियन क्यापिटल टेरिटोरीमा त पटक पटक संकटको नै घोषणा गर्नुपरेको थियो ।

त्यस दिन क्यानबेराको लागि रवाना हुनुभन्दा पहिले म बसेको मेरो भाई दिपक अधिकारीको घरको कोठाको झ्याल लगाउन लाग्दा झ्यालमा पनि खरानीको धुलो छ्याप्छ्याप्ती थियो । बिहान सबेरै अर्को भाई किरणराज पाण्डे आफ्ना साना छोरा सहित क्यानबेरा जानको निम्ति आइपुगे । उनको गाडीमा यात्रा शुरु गर्नुभन्दा पहिले भाई दिपक र बुहारीले पानी, जुस, स्याण्डविच र फलफुल गाडीमा राखेर विदा गरे । सिड्नीबाट क्यानबेरा मोटरगाडीमा जाँदा २८६.३ किलोमिटरको दुरी छिचोल्न करिव ३ घण्टा ५ मिनेट लाग्ने रहेछ । विकसित देशहरुको राजमार्गमा गाडीहरुको वेग निर्धारित हुने भएकाले नेपालमा जस्तो कोही निकै वेगमा गाडी चलाएर छिटो पुग्ने र कोही कछुवाको गतिमा चलाएर ढिलो पुग्ने हुँदैन । गाडीको वेगलाई अनुगमन र नियन्त्रण गर्न बाटोमा क्यामेरा तथा विभिन्न उपकरणहरु जडान गरिएका हुन्छन् भने राजमार्ग र सुरुङ मार्गहरु उपयोग गरे वापत काटिने कर रकम पनि गाडीमा जडान गरिएको एउटा विशेष उपकरणसँग समन्वय गरेर स्वतः बैंकको खाताबाट काटिँदो रहेछ । यसो हुनाले कर तिर्न गाडी रोकिरहनु पनि नपर्ने र कर वापतको रकम पनि हिनामिना हुन नपाई सिधै सरकारी ढुकुटीमा जम्मा हुने तथा करदाताले पनि वर्ष भरी के के कुरामा कति कर तिरेँ भनेर बैंक स्टेटमेन्टबाट नै थाहा पाउन सक्ने । यस्तो सरल प्रणाली नेपालमा चाहीँ कहिले लागु हुने होला । गाडीको कर र सवारी चालक अनुमती पत्रको नविकरण पनि स्वतः हुने र त्यस वापत तिर्नु पर्ने रकम बैंक खाताबाट काटिने र इन्धन तथा मर्मत आदि यावत कार्यको भुक्तानी पनि कार्ड र अनलाइन पेमेन्ट सिस्टम मार्फत हुने भएकोले त्यहाँका बासिन्दाहरुको समयको वचत हुनुका साथै उनिहरु पनि वित्तिय मामिलामा निकै अनुशासित हुँदा रहेछन् । किनकी यसरी काटिने रकम त सँधै खातामा उपलब्ध भइ नै रहनुपर्‍यो ।

बिहानको समय भएकाले सिड्नीको सडक खाली नै थियो । अष्ट्रेलियाको सबैभन्दा ठुलो, घना जनसंख्या भएको, पुरानो र विश्वकै महँगो शहर तर विश्वका दश सबैभन्दा बस्न लायकका शहरहरु मध्येमा पनि परिरहने शहर सिड्नीलाई बहुजातीय समुदायहरु बस्ने शहरको रुपमा सांघाई, मुम्वई, न्युयोर्कसँग दाँज्दा पनि अत्युक्ति नहोला । अष्ट्रेलियाका सबै तटिय शहरहरुमा जस्तै सिड्नीका सडक, भित्री भाग र समुद्रका किनाराहरु निकै सफा सुग्घर देखिन्छन् ।  विगत ३,००० वर्ष देखि अष्ट्रेलियाका आदिवासीहरुले वसोवास गरेको ठाउँ भएकाले यहाँ पुरातात्विक महत्वका क्षेत्रहरु पनि निकै नै धेरै भेटिन्छन् । सिड्नी तथा मैले यसपाली घुमेका शहरहरुको विस्तृत विवरण वारे फेरी अर्को चोटी कुरा गर्ने नै छौँ । अब लागौँ क्यानबेरा तिरै ।

सिड्नी र क्यानबेराका बीचका क्षेत्रहरु वुश फायरले निकै प्रभावित भएकाले राजमार्गका विभिन्न ठाउँमा स्थानीय प्रशासनले प्रदुषणको मात्रा, आगलागीको खतरा र अन्य सूचना वारेका डिजिटल वोर्डहरु राखिदिएको रहेछ । निकै फराकिलो र आरामदायी राजमार्गको दुबै तिर हरियाली र रमाइलो वातावरण थियो र गफ गर्दा गर्दै डेढ घण्टा जतिमा हामी एक फ्यूल स्टेशनमा पुग्यौँ । केहिबेर आराम र नास्ता गर्ने सल्लाह भयो । गाडीबाट ओर्लेर स्वास लिँदा पनि एक प्रकारको गर्मी र कोइला बलेको जस्तो गन्धको साथै धमिलो आकाश देखियो । केहीबेर त्यहाँ राकिएर हाम्रो यात्रा फेरि शुरु भयो । बाटोमा डढेलोले गर्दा निकै बाक्लो तुवाँलो र धुवाँ उडिरहेकोले गाडी चलाउन पनि मुस्किल भएको थियो भने कैयन् ठाउँहरुमा त दिउँसै गाडीको हेडलाइट र फगलाइट बाल्नु पर्ने अवस्था थियो । राजमार्गका धेरै ठाउँका किनाराहरुमा हामीले डढेलो लागेको वनबाट जलेर भाग्दै आएर छट्पटाईरहेका र मरेका कंगारु र अन्य जनावरहरु पनि देख्यो । मन निकै दुखेको थियो । यो अवस्थाले गर्दा ठाउँ ठाउँमा ट्राफिक जाम नै भएको थियो । निकै भयावह वातावरण । बाटोमा यो भन्दा पहिलेका वुश फायरहरुले खरानी बनाएका वनका ठुटे रुखहरु

भएका क्षेत्रहरु पनि निकै देखियो । तर राम्रो पक्ष चाहीँ के भने, त्यहाँको सरकारले त्यस्ता क्षेत्रहरुमा डढेलो निभे लगत्तै वृक्षरोपण गर्नुका साथै त्यस्ता क्षेत्रमा बस्न रुचाउने जीवजन्तुहरु ल्याएर छोडिदिँदो रहेछ ।

अष्ट्रेलियाको भ्रमण भन्दा केहि हप्ता अघिदेखि त्यहाँको विभिन्न पक्ष वारेको अध्ययन मैले पुस्तकहरु र इन्टरनेट मार्फत गरेको थिएँ । सन् १७८८ को जनवरी २६ मा वेलायतबाट ७०० जना कैदीहरु तथा ३०० सैनिक हालेर ११ वटा ठुला डुंगाहरु सहित क्याप्टेन आर्थर फिलिप आठ महिनाको समुद्री यात्रा पश्चात हालको अष्ट्रेलियाको न्यु साउथवेल्स यानी दक्षिण पुर्वी तटिय क्षेत्रमा पुगेका रहेछन् । आज यही दिनलाई अष्ट्रेलियाको स्थापना दिवसको रुपमा प्रत्येक वर्ष मनाइन्छ । वेलायतका राजपरिवारहरुको उद्‌गम स्थल वेल्सको नाममा यो सुदुर दक्षिणी महादेशको नाम नै त्यतिबेला न्यु साउथवेल्स राखिएको थियो । छ वर्षसम्म त्यहाँ पुगेका सबैजनाको नेतृत्व गरेर बसेका फिलिपलाई शुरुका दिनमा त्यहाँ कृषि उत्पादन गर्न निकै गाह्रो भयो र धेरै समयसम्म अनिकाल कै स्थिति आयो र कैयन् सहयात्रीहरुको ज्यान समेत गयो । तर पछि बिस्तारै त्यहाँ नयाँ पुस्ताका गोराहरु रमेर बस्न थाले र आज आएर तिनै मानिसहरुको परिश्रमले गर्दा अष्ट्रेलिया विश्वका समृद्ध र बस्न लायक मुलुकहरु मध्येमा गनिन्छ ।

ऐतिहासिक दस्तावेजहरुका मुताविक अष्ट्रेलियाको पश्चिमी तटमा सबैभन्दा पहिले सन् १६०६ मा विलेम ज्यान्सजुनको नेतृत्वमा एक डच अन्वेषण टोली पुगेको रहेछ र तत्पश्चात अन्य डच टोलीहरु उत्तरी र दक्षिणी भेगमा पनि पुगेछन् भने त्यो भेगको नाम न्यु हल्याण्ड वा अष्ट्रेलिस राखेछन् । त्यतिबेलासम्म अष्ट्रलिया भन्दा पनि तल एन्टार्कटिका छ भन्ने कुराको पुष्टि नभएकोले डच भाषामा दक्षिण भनेर चिनाउन अष्ट्रेलिस वा अष्ट्रेलिया भनेर नामाकरण गरिएको रहेछ र कालान्तरमा यो महादेशको नाम नै अष्ट्रेलिया रहन गयो । त्यस्तै सन् १६४२ मा अर्का डच अन्वेषक आवेल जान्सजुन तास्मानले पत्ता लगाएको भएर अष्ट्रेलियाको दक्षिणमा स्थित टापुको नाम तास्मानिया रहेको रहेछ । अष्ट्रेलियाको पुर्वी तटमा भने सन् १७७० मा वेलायती अन्वेषक क्याप्टेन जेम्स कुक पुगेका रहेछन् र सन् १७८८ मा क्याप्टेन आर्थर फिलिपको टोलीको आगमन पश्चात त्यो क्षेत्रलाई न्यु साउथवेल्स नामाकरण गरिएको रहेछ ।

विश्वमा जहाँ तहीँको सभ्यता पनि पानीको श्रोत भएका तथा वनजंगल भएका ठाउँहरुबाट शुरु भएको पाइन्छ । अष्ट्रेलियामा पनि हजारौँ वर्ष अघि देखि त्यहाँका आदिवासीहरु समुद्रका किनारहरुमा र अलिक भित्र पनि ठुला नदी र वनजंगल भएका ठाउँहरुमा बस्ने गरेको पाइएको छ । त्यस्तै अष्ट्रेलिया पुगेका विभिन्न युरोपियन मुलुकका अन्वेषकहरु पनि सबैभन्दा पहिला तटिय क्षेत्रहरुमा नै वस्ती बसाएर बस्न थालेका हुन् । यही कारणले अष्ट्रेलियाका अधिकांश ठुला शहरहरु तटिय क्षेत्रहरुमा नै छन् ।

सन् १९१३ मा क्यानबेरा नामाकरण गरेर यो ठाउँलाई अष्ट्रेलियाको राजधानी बनाउने निर्णय भएको थियो र यहाँ राजधानी नसरुन्ज्यालसम्म मेल्वोर्न अस्थायी राजधानीको रुपमा रह्यो । क्यानबेरा मेलवोर्न र सिड्नीको बीच भागमा समुद्र तटबाट केही भित्र पर्छ । यो शहर मेलवोर्नबाट ६६० किलोमिटर उत्तर-पुर्वमा र सिड्नीबाट २८० किलोमिटर दक्षिण-पश्चिममा पर्छ । पानीको लागि यहाँ विशाल मोलोङ्ग्लो नदीको अवस्थिति छ भने यसै नदीमा बाँध बनाएर यो शहरको नक्शा कोर्ने वास्तुविद्को नाममा वर्ली ग्रिफिन तालको निर्माण गरिएको छ । यो शहर तटिय क्षेत्रबाट भित्र बनेका शहरहरु मध्ये त्यहाँको सबैभन्दा ठुलो शहर हो । यो भन्दा पहिले अष्ट्रेलियाको राजधानी १७८८ मा सिड्नीमा, १८२५ मा ब्रिस्वेनमा र १८६९ मा डार्विनमा थियो । सिड्नीमा राजधानी छँदा पनि मेल्वोर्न र सिड्नी मध्ये कहाँ राजधानी राख्ने भन्ने वारे निकै वहस चलेको थियो । पछि क्यानबेरामा एउटा नयाँ शहर निर्माण गरेर त्यहाँ राजधानीमा

हुनुपर्ने सबै प्रकारका सुविधाहरु लामो समयसम्म प्राप्त गर्न सक्ने गरी यसको डिजाइनको लागि सन् १९११ विश्वभरबाट आवेदन माग्दा १३७ वास्तुविद्हरुको आवेदन परेकोमा १९१२ मा विश्वमा नै नाम चलेका अमेरिकी वास्तुविद् वाल्टर वर्ली ग्रिफिन र उनकी पत्नीले यो शहरको डिजाइन गर्ने अवसर पाए ।

क्यानबेरा क्षेत्रमा सबैभन्दा पहिले सन् १८२० मा वेलायती अन्वेषकहरु आएर वस्ती बसाएको र उनिहरुको संख्या बढ्दै गएपछि अधिकांश आदिवासीहरु त्यहाँबाट विस्थापित हुँदै गएको पाइन्छ । वेलायतीहरु शुरुमा लोग्ने मान्छेहरु मात्र आएकाले उनिहरुको शारीरिक संसर्ग आदिवासी महिलाहरुसँग हुन थालेकाले त्यहाँ छुट्टै नयाँ नश्लका मानिसहरुको जन्म भएर आदिवासी र गोराहरुको बीचमा पनि सौहार्द्रता बढ्दै गएको इतिहास पाइन्छ । हजारौं वर्षदेखि आदिवासीहरुको वसोवास रहेको यो घना जंगलको क्षेत्रका विभिन्न थरीका वोट-विरुवाहरुलाई संरक्षण गरेर कसरी यो शहर बसाल्न सकिन्छ भन्ने कुरामा ग्रिफिनले निकै सोच विचार गरेर काम गरेको देखिन्छ । आदिवासीहरुको वसोवासको इतिहास झल्काउने पत्थरका घरहरु र उनका सरसामानहरु, कलाकारिताहरु, ढुंगे औजारहरु तथा खानीहरु पनि जस्ताको तस्तै बचाएर राखिएको छ । त्यसैले क्यानबेराका कैयौं क्षेत्रहरु तथा सडकहरुको नामाकरण पनि त्यहाँ पाइने फुलहरुको नामबाट र आदिवासी संस्कृतिको आधारमा राखिएको छ र यो शहरले बगैंचाको शहर भन्ने संज्ञा पनि पाएको छ । ग्रिफिनले यो शहरमा विभिन्न गोलाकार, षटकोणाकार र त्रिकोणाकार क्षेत्रहरुको डिजाइन गरेर यसको सौन्दर्यलाई इजाफा गरेका छन् । ८१४ वर्ग किलोमिटरमा फैलिएको यो राजधानी शहरमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका सम्पुर्ण केन्द्रिय कार्यालयहरुका लागि वैज्ञानिक तवरले स्थानहरु तोकिए वमोजिम भवनहरु निर्माण गरिएको छ भने अधिकांश भाग हरियो वन र प्रकृति संरक्षण क्षेत्रले ढाकेको छ र समुद्रको सतहबाट ५७८ मिटर उचाईमा रहेकाले मौषमी हिसाबले पनि क्यानबेरामा न गर्मी हुन्छ न त धेरै जाडो नै । हाल त्यहाँ भएका भव्य भवनहरुमा पुरानो र नयाँ संसद भवन, सर्वोच्च अदालत, गभर्नर जेनरल, प्रधानमन्त्री र मन्त्रीपरिषद्का भवनहरु, युद्ध स्मारक भवन, टक्सार, राष्ट्रिय संग्रहालय, विश्वविद्यालय, खेलकुद स्टेडियम, कुटनीतिक नियोग क्षेत्र, आदि प्रमुख छन् । त्यस्तै राजधानीका विभिन्न कार्यालयमा काम गर्ने कर्मचारी र अन्य नागरिकहरुको लागि वासस्थान, किनमेल र खानपिन तथा मनोरञ्जनका क्षेत्रहरुको पनि बेग्लै इलाकामा व्यवस्था गरिएको छ । आज क्यानबेराको जनसंख्या करिव ४ लाख २७ हजार छ ।

सिड्नीबाट हिँडेको करिव चार घण्टामा हामी अष्ट्रेलियाको राजधानी क्यानबेरा पुग्यौं । निकै व्यवस्थित यो शहरलाई यहाँको मोलाङ्ग्लो नदी र वर्ली ग्रिफिन तालले क्यानबेराको उत्तरी र दक्षिणी भागलाई छुट्याएको रहेछ । हराभरा वन, घाँसे मैदान र संरक्षण क्षेत्रहरु, व्यवस्थित र सुन्दर निर्माण तथा स्मारकहरु हेर्दै हामी क्यानबेराको डिप्लोमेटिक इन्क्लेभ (कुटनीतिक नियोगहरुको निम्ति छुट्याइएको क्षेत्र) मा पुग्दा मलाई कता कता पाकिस्तानको राजधानी इस्लामावाद पुगे जस्तो भान भयो । शान्त र सडकको दुवै तिर विभिन्न मुलुकका झण्डाहरु फहरिइरहेका ती मुलुकका राजदुतावासहरु । कैयन् देशका आफ्नै स्वामित्वमा भवनहरु रहेछन् भने नेपाल लगायत धेरै देशले घरहरु भाडामा लिएर दुतावास सञ्चालन गरिरहेका रहेछन् । नेपालले पनि निकट भविश्यमा आफ्नै भवन बनाउनको निम्ति जमिन लिएर राखेको रहेछ र त्यहाँ बन्ने घरको नक्शा पनि वास्तुविद्लाई बनाउन दिइएको रहेछ ।  हिजो आज के कस्तो छ कुन्नि, सन् १९७९ मा मेरा पिताजी पाकिस्तानको लागि राजदुत भएर इस्लामावादमा हुनु हुँदा त्यहाँको डिप्लोमेटिक इन्क्लेभमा नेपालले पनि त्यतिबेलै जमिन लिएको रहेछ, तर सो जमिनमा बनाउने घरको नक्शा बनाएको रकम त्यतिबेलाको नेपालको परराष्ट्र मन्त्रालयले निकाशा नगरिदिएकाले त्यहाँको स्थानीय इन्जिनियर तारन्तार

रकम भुक्तानीको लागि धर्ना कस्न आउँदो रहेछ । एकचोटी त मेरा पिताजीलाई त्यहाँको परराष्ट्र मन्त्रालयका उच्च अधिकारीले बोलाएर रकम भुक्तानी गरिदिन अनुरोध समेत गरेछन् । कति ठुलो बेइज्जत । अचम्मको कुरा त के भने, आजसम्म पनि इस्लामावादको सो जग्गामा नेपालको राजदुतावास बनेको रहेनछ ।

हामी क्यानबेरा पुगेको दिन आइतबारको बिदा परेकाले कार्यालयहरु बन्द रहेछन् । नेपालको राजदुतावास पनि पुरै बन्द थियो । त्यहाँ सोधपुछ गर्न पनि त्यतिबेला कोही थिएन । तैपनि नेपालको राजदुतावास र त्यस परिसरमा नेपालको झण्डा फहराइएको देखेर मनमा एक प्रकारको आनन्द आयो । केहिबेर त्यहाँ फोटोहरु लिएर र अन्य राजदुतावासका घरहरु हेरेर समय कटायौं । महामहिम राजदुतलाई फोन गर्दा उनि त्यहाँबाट अलिक परको आफ्नो निवासमा हामीलाई पर्खेर बसिरहेका रहेछन् । नयाँ राजदुत श्री महेशराज दाहालले आफ्नो कार्यभार सम्हालेको दुई महिना मात्र भएको रहेछ । हामी पुग्दा उनको बैठकमा अष्ट्रेलियामा वसोवास गरिरहेका केहि अन्य नेपालीहरु पनि भेला भएका रहेछन् । सबैसँग चिनाजानी गरेर हामी पनि विभिन्न विषयमा गफ गर्न बस्यौं । ती नेपालीहरुले राजदुत महोदयलाई अष्ट्रेलिया र नेपालका बीच हुन सक्ने आर्थिक, सामाजिक र कुटनीतिक सम्बन्धहरु वारे बताउँदै थिए । राजदुतको नेपाली वायुसेवा अष्ट्रेलियासम्म पुऱ्याउने योजना वारे उनिहरु मध्येका त्यहाँको नागरिक उड्डयन कार्यालयमा काम गर्ने एकजना युवाले यो वारे नेपाल र अष्ट्रेलिया बीच एउटा समझदारीमा हस्ताक्षर भइसकेको तर केहि प्राविधिक कुराहरुको टुंगो लगाए पछि मात्र यो सम्भव हुने बताए । उनका अनुसार अष्ट्रेलिया माथि उड्ने सबै विमानहरुमा एउटा विशेष सञ्चार उपकरण जडान भएको हुनुपर्छ र नेपालको विमान पनि भर्खर खरिद गरिएको नयाँ विमान भएकोले यसमा सो उपकरण पक्कै जडान भएको होला । त्यस्तो उपकरण जडान नभएका विमानहरुले भने अष्ट्रेलियाको आकाशमा २५,००० फिट भन्दा तल मात्र उडान गर्न सक्ने भएकाले तिनीहरुको इन्धनको खर्च निकै धेरै हुन आउँछ । राजदुत महोदयले यी र अन्य कुराहरु सबै आफ्नो डायरीमा टिपे । हामीले त्यहाँ उपस्थित सबैलाई एकुन्टा पुस्तक उपहार स्वरुप दियौं । राजदुत महोदयले हामीलाई बिहानको खाना त्यहीं खान तथा एक दिन त्यतै बस्न अनुरोध गरेता पनि हाम्रो सिड्नीमा त्यो दिन बेलुकी केही नेपालीहरुसँग भेट्ने कार्यक्रम भएकोले हामी खानाको लागि भने रोकियौं ।

खाना खाने क्रममा पनि धेरै विषयहरुमा कुराकानी भयो । राजदुत महोदयले विगत दुई महिनामा भेटेका मानिसहरुका सुझावहरु र तत्काल गर्नु पर्ने कार्यहरुको टिपोट आफ्नो डायरीमा राख्ने गरेका रहेछन् र हामीलाई पनि राजदुतावासले नेपाल राष्ट्रको हितका लागि गर्नुपर्ने त्यस्ता कुनै योजनाहरु भए लेखेर इमेल गर्न आग्रह गरे । त्यसको केही हप्ता पश्चात सिड्नीमा भिजिट नेपाल २०२० अन्तर्गत नेपालका पर्यटन मन्त्रीसमेत आएर गरिने भनेको प्रचार जुलुसको वारेमा हामीले हालको वुश फायरको बेलामा यो कार्यक्रम त्यति प्रासंगिक हुँदैन कि भन्ने तर्क राख्दा उनि केही नबोली मुस्कुराइ मात्र राखे । वास्तवमा उनलाई पनि त्यो कार्यक्रम त्यति पचेको जस्तो देखिएको थिएन । नभन्दै पर्यटन मन्त्रीको सिड्नी भ्रमणको बेलाको प्रचार जुलुसले नकारात्मक सन्देश नै दिन पुग्यो । जे होस् विगतमा पनि विभिन्न देशहरुमा काम गरेको अनुभव भएका हालका महामहिम राजदुत दाहालमा आफ्नो कार्यकालमा निकै काम गर्ने जोश र जाँगर भने पक्कै देखिएको थियो ।

हामीसँग समय निकै कम भएकोले हामी राजदुत महोदय र परिवारजनसँग बिदा भएर राजधानी शहर क्यानबेराको संक्षिप्त भ्रमणमा निस्कियौं । योजनावद्धरुपमा विकास गरिएको यो शहरलाई संयुक्त राज्य

अमेरिकाको राजधानी वासिंग्टन डिसी र ब्राजिलको राजधानी ब्रासिलियासँग दाँजेर हेर्ने गरिएको रहेछ । दक्षिण एशियामा भने पाकिस्तानको राजधानी इस्लामावादले यी शहरहरुको अनुशरण गरेर निकै सुविधाजनक राजधानीको रुप लिएको छ। विशाल स्टेट सर्कलको एक फन्को परिक्रमा गरेर हामी त्यसको भित्री भागमा भएको क्यापिटल सर्कलमा पस्यौँ र त्यसको पनि परिक्रमा पश्चात अष्ट्रेलियाको संसद भवनको अवलोकन गर्न गयौँ । सन् १९८८ मा तयार भएको यो नयाँ संसद भवन सोही वर्ष वेलायत तथा कमनवेल्थ राष्ट्रकी महारानी एलिजावेथ द्वितियाले उद्घाटन गरेकी रहिछन् । विशाल बगैँचाको बीचमा पानीको पोखरी अगाडि अवस्थित नयाँ संसद भवनको बाहिरी बनोट नै अत्याधुनिक र निकै आकर्षक छ । सन् १९२७ देखि १९८८ सम्म अष्ट्रेलियाको संसद क्यानबेराको पुरानो संसद भवनमा बस्ने गरेको रहेछ । विशाल गुम्वजाकारको सो भवन अहिले पनि संरक्षित रुपमा छँदैछ । ४,७०० वटा कोठा भएको नयाँ संसद भवनको माथिल्लो तल्लाको सिंगमर्मरको विशाल हल, जहाँ अष्ट्रेलियाका सांसदहरु र वरिष्ठ नेताहरुका चित्र तथा विवरणहरु राखिएका छन्, तिनको सर्सर्ती अवलोकन गरेर हामीले भव्य हरित रंगको प्रतिनिधी सभा हल र रातो रंगको सिनेट हलको पनि अवलोकन गऱ्यौँ । संसद परिसरमा नै प्रधानमन्त्री र मन्त्रीपरिषदका कार्यालयहरु र संसदको विशाल पुस्तकालय पनि रहेछन् ।

शहरको अवलोकन मोटरगाडीबाट नै गरेर हामी सिड्नीको लागि रवाना भयौँ । बाटोको ठाउँ ठाउँमा वुश फायरले अझ उग्र रुप लिएकोले प्रशासनले हाम्रो लगायत सबै गाडीहरुलाई विभिन्न ठाउँहरुमा रोकेर सुरक्षित तवरले अगाडि बढाइरहेको थियो । यस्तो विकसित र व्यवस्थित मुलुकमा मोटरगाडीमा सवार हुँदा पनि हामी सिड्नी नपुगुन्ज्यालसम्म डढेलोको तनावमा नै थियो । यो पटक समय निकै कम भएकोले अर्को चोटी फेरी एकाध दिन बस्ने नै गरी क्यानबेरा जाने निधो गरेको छु ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७७ साल आश्विन २ गते*